# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२१८ बारा, २०८३ असोज १४ गते बुधबार / चतुर्थी / नेपाल संवत् ११४६ / Wednesday, September 30 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## रसुवा बाढीमा बेपत्ता परियारको कुशको शव बनाएर दाहासंस्कार



निजगढ,१३ असोज/भोटेकोशी बाढीमा बेपत्ता निजगढका युवक दिनेश परियारको आज धार्मिक विधिअनुसार कुशको शव बनाएर दाहासस्कार गरिएको छ ।

गत भदौं १० गते बुधवार बिहान हिमपहिरोपछि रसुवाको भोटेकोशी नदीमा आएको बाढीमा परेर बेपत्ता ३० वर्षीय परियारको अवस्था पत्ता नलागेपछि आफन्तले कुशको शव बनाएर निजगढ ९ को आर्यघाटमा अन्त्यष्टि गरेका हुन ।

दाहासंस्कार स्थलमा वडा नम्बर ९ का वडा अध्यक्ष रामचन्द्र कटुवाल, वडा नम्बर १२ का वडा अध्यक्ष एंव नेपाली काग्रेस निजगढ नगर सभापती ज्ञानबहादुर गोले, निजगढ नगरपालिकाका पूर्वमेयर सुरेश खनाललगायत आफन्त र स्थानीयहरु पुगेका थिए ।

बाढीमा बेपत्ता परियारको लामो समयसम्मको खोजीपछि पनि अवस्था पत्ता लाग्न नसकेपछि धार्मिक विधिअनुसार दाहासंस्कार गरिएको आफन्तहरुले बताएका छन । परियार बाढीमा परेर बेपत्ता बनेलगत्तै वडा नम्बर ९ का वडा अध्यक्ष कटुवालसहित परियारकी श्रीमती निरुता र आफन्तहरु खोजीको लागि रसुवा, चितवन, नुवाकोट लगायत विभिन्न जिल्लामा पुगेका थिए

बैदेशिक रोजगारीबाट फर्किएपछि वीरगञ्जका एक मालिकको कन्टेनर चलाउदै आएका उनी सामान लिन रसुवा नाका पुगेको बेला बाढी परेका थिए ।

आर्थिक रुपमा कमजोर परियारको परिवारलाई वडा कार्यालयले ३० हजार आर्थिक सहयोग गरेको छ भने ७ वर्षिय

बाँकी तेश्रो पेजमा

## सिर्सिया ड्राइपोर्टले अधिग्रहण गरेको बाँकी जग्गाको मुआब्जा तत्काल उपलब्ध गराउन माग

वीरगञ्ज, १३ असोज/वीरगञ्ज महानगरपालिका( २५ सिर्सियाका स्थानीयवासीले ड्राइपोर्ट निर्माणका क्रममा अधिग्रहण गरिएको जग्गाको बाँकी मुआब्जा तथा त्यसमा रहेका भौतिक संरचनाको क्षतिपूर्ति तत्काल उपलब्ध गराउन माग गरेका छन् ।

लामो समयदेखि मुआब्जा प्रक्रिया टुंगोमा पुग्न नसक्दा प्रभावित जग्गाधनी तथा परिवार आर्थिक र सामाजिक समस्यामा परेको भन्दै स्थानीयवासीले सम्बन्धित निकायसँग समस्या शीघ्र समाधान गर्न आग्रह गरेका हुन् ।

मुआब्जा संघर्ष समिति वीरगञ्ज( २५ सिर्सियाका अध्यक्ष अशोककुमार चौधरीको हस्ताक्षरमा स्थानीयवासीले वीरगञ्ज भन्सारका प्रमुख भन्सार प्रशासक कृष्ण मैनालीलाई ज्ञापनपत्र बुझाउँदै वर्षौंदेखि रोकिएको मुआब्जा प्रक्रिया तत्काल टुंग्याउन माग गरेका हुन् ।

ज्ञापनपत्रमा करिब दुई दशकअघि ड्राइपोर्ट निर्माणका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा प्रक्रिया अझै पूर्ण रूपमा सम्पन्न हुन नसकेको उल्लेख छ । संघर्ष समितिका अनुसार २०६१ सालदेखि जग्गा अधिग्रहण प्रक्रिया अघि बढाइए पनि कतिपय जग्गाधनीले हालसम्म आफ्नो जग्गाको पूर्ण मुआब्जा प्राप्त गर्न सकेका छैनन् ।



स्थानीयवासीका अनुसार नापजाँचका क्रममा नक्सा तथा फिल्डबुकमा देखिएका त्रुटिका कारण वास्तविक जग्गाधनीको नाममा मुआब्जा निर्धारण तथा वितरणमा समस्या भएको हो । अभिलेखमा रहेका त्रुटि सच्याएर वास्तविक जग्गाधनीलाई बाँकी मुआब्जा उपलब्ध गराउन उनीहरूले माग गरेका छन् ।

लामो समयसम्म मुआब्जा नपाउँदा प्रभावित परिवारले आफ्नो स्वामित्वमा रहेको जग्गा उपयोग गर्न नसकेको तथा कतिपय परिवारले घर निर्माणलगायतका कामसमेत अघि बढाउन नपाएको स्थानीयवासीको भनाइ छ। मुआब्जा प्रक्रियामा भएको ढिलाइले आर्थिक भार बढ्नुका साथै सामाजिक समस्या समेत सिर्जना भएको उनीहरूले बताएका छन् ।

संघर्ष समितिले सम्बन्धित सरकारी निकायमा पटक(पटक पहल तथा ध्यानाकर्षण गराउँदा पनि समस्या समाधान नभएको जनाएको छ। त्यसैले अधिग्रहण गरिएको जग्गाको बाँकी मुआब्जा निर्धारण गरी तत्काल भुक्तानी गर्न तथा अधिग्रहण क्षेत्रभित्र रहेका घर, टहरा लगायतका भौतिक संरचनाको यथोचित मूल्यांकन गरी क्षतिपूर्ति उपलब्ध गराउन माग गरिएको छ ।

स्थानीयवासीले नक्सा, फिल्डबुक तथा अन्य अभिलेखमा देखिएका समस्या समाधानका लागि सम्बन्धित सरकारी निकायबीच आवश्यक समन्वय गर्नुपर्ने बताएका छन् । वर्षौंदेखि एउटै समस्या झेल्दै आएका प्रभावित परिवारको समस्या समाधानमा राज्यका सम्बन्धित निकाय गम्भीर हुनुपर्ने उनीहरूको माग छ ।

माग सम्बोधनमा थप ढिलाइ भए संघर्ष समितिले आन्दोलनका थप कार्यक्रम घोषणा गर्ने चेतावनी दिएको छ। मुआब्जा तथा क्षतिपूर्तिको समस्या तत्काल समाधान नभए चरणबद्ध रूपमा दबाबमूलक कार्यक्रम अघि बढाउने

बाँकी तेश्रो पेजमा

## दुई थान कटुवा पेस्तोलसहित सिम्रौनगढबाट एकजना पक्राउ



सिम्रौनगढ, १३ असोज/सशस्त्र प्रहरीले बाराको सिम्रौनगढबाट दुई थान पेस्तोल र गोलीसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिम्रौनगढ नगरपालिका( २ का ५० वर्षीय जयप्रकाश गुप्ता रहेका छन् । सशस्त्र प्रहरीको गोलागन्जस्थित सीमा सुरक्षा पोष्टबाट खटिएको प्रहरी टोलीले सिम्रौनगढ नगरपालिका( ६ सलेमपुरबाट कुशवाहालाई पक्राउ गरेको हो ।

कुशवाहाले बोकेको धानको बिउ राख्ने बोराबाट एक थान सानो र एक थान ठूलो कटुवा पेस्तोल बरामद गरिएको सशस्त्र प्रहरी नायब उपरीक्षक एवम् सूचना अधिकारी बिक्रममणी अधिकारीले जानकारी दिनुभयो ।

कुशवाहाको साथबाट पेस्तोलसहित पाँच राउन्ड गोली समेत बरामद भएको र उनलाई थप कारबाहीका लागि इलाका प्रहरी कार्यालय सिम्रौनगढमा बुझाइएको अधिकारीले बताउनुभयो ।

## घरकोठा भाडाको लिखित सम्झौता गरी प्रमाणित गर्न निजगढ ७ वडा कार्यालयको आग्रह



निजगढ, १३ असोज/निजगढ नगरपालिका( ७ नम्बर वडा कार्यालयले घर, कोठा तथा जग्गा भाडामा दिँदा अनिवार्य रूपमा लिखित सम्झौता गरी वडा कार्यालयबाट प्रमाणित गराउन आग्रह गरेको छ ।

वडा कार्यालयले सूचना जारी गर्दै पछिल्लो समय घर तथा कोठा भाडामा दिँदा सम्झौता नगर्ने र भाडामा बस्ने व्यक्ति विना सूचना ताला लगाएर सम्पर्कविहीन हुने गरेका कारण घर तथा कोठा खाली गराउन समस्या हुने गरेको जनाएको छ । यस्ता समस्या लिएर वडा कार्यालयमा पटक(पटक निवेदन आउने गरेको जनाउँदै कार्यालयले भाडा सम्झौताविना उत्पन्न हुने समस्या समाधान गर्न कठिन हुने जनाएको छ।

त्यसैले घरधनी तथा जग्गाधनीले घर, कोठा वा जग्गा भाडामा दिँदा अनिवार्य रूपमा सम्झौता गर्नुपर्ने सूचनामा उल्लेख छ। सम्झौता गरेपछि वडा कार्यालयबाट प्रमाणित गराई नियमानुसार लाग्ने राजस्वसमेत समयमै

बाँकी तेश्रो पेजमा

## लोककल्याणकारी विज्ञापनको बजेट कटौति नगर्न नेपाल पत्रकार महासंघको माग

जनकपुरधाम, १३ असोज/नेपाल पत्रकार महासंघ मधेस प्रदेश समितिले लोककल्याणकारी विज्ञापनको बजेट कटौती नगर्न प्रदेश सरकारसँग माग गरेको छ । महासंघका प्रदेश अध्यक्ष



श्याम बन्जाराले मंगलबार प्रदेशका अर्थमन्त्री युवराज भट्टराई (समीर) लाई ज्ञापनपत्र बुझाउँदै विनियोजित बजेट यथावत् राख्न आग्रह गर्नुभएको हो ।

ज्ञापनपत्रमा लोकतन्त्र र परिवर्तनका आन्दोलनमा सञ्चार माध्यमको महत्त्वपूर्ण भूमिका रहेको स्मरण गराउँदै बञ्जाराले पछिल्लो समय मिडिया क्षेत्र ठूलो आर्थिक संकटबाट गुजरिरहेको उल्लेख गर्नुभएको छ । विज्ञापन घट्दै जाँदा धेरै पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइनहरू बन्द भइसकेको र कतिपय बन्द हुने अवस्थामा पुगेको व्होरा ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

चालु आर्थिक वर्षमा गृह, सञ्चार तथा कानुन मन्त्रालयअन्तर्गतको आमसञ्चार प्राधिकरणमार्फत लोककल्याणकारी विज्ञापनका लागि ७० लाख रुपैयाँ विनियोजन गरिएको थियो । तर सरकारले वित्तीय समायोजनका नाममा ५० प्रतिशत बजेट रोक्का गरेपछि अहिले ३५ लाख रुपैयाँ मात्र बाँकी रहेको छ। महासंघले उक्त रकम अत्यन्तै कम भएको उल्लेख गर्दै यथावत राख्न आग्रह गरेको छ ।

महासंघले मिडिया काउन्सिल तथा आमसञ्चार प्राधिकरणलाई थप प्रभावकारी बनाउन र आवश्यक परे थप बजेटको व्यवस्था गर्न समेत प्रदेश सरकारसँग माग गरेको छ ।

ज्ञापनपत्र बुझाउने क्रममा केन्द्रीय सदस्य राजेश कर्ण, प्रदेश महासचिव शैलेन्द्र महतो क्रान्ति, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य अवधेश कामत, आमसञ्चार प्राधिकरणकी सदस्य ज्योति झालगायत उपस्थित थिए ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# मानवीय संवेदनशीलता र वन संरक्षणको समन्वय

बाराको जीतपुरसिमरा उपमहानगरपालिका( २२ स्थित तीन नम्बर क्षेत्रमा डिभिजन वन कार्यालयद्वारा पुनः निर्माण गरिएका घरटहरा भत्काउन चालिएको कदम र त्यसपछि जनप्रतिनिधिहरूको अग्रसरतामा बनेको सहमतिले राज्यको नियम पालना र मानवीय संवेदनशीलताबीचको सुन्दर समन्वयलाई देखाएको छ ।

पथलैया(हेटौंडा सडकखण्ड अन्तर्गत पर्ने सो स्थानमा सुरक्षाकर्मी र डोजरसहित पुगेको वन कार्यालयको टोली कुनै पनि भौतिक अवरोध वा मुठभेडका कारण नभई, विशुद्ध मानवीय र व्यावहारिक कारणले संरचना नभत्काई फर्किएको हो। नेपालीहरूको महान् चाडपर्वहरू दशैं र तिहारको आगमन भइसकेको अवस्थामा कसैको पनि उठिबास लगाउनु न्यायोचित हुँदैन भन्ने स्थानीय जनप्रतिनिधि र स्थानीय बासिन्दाहरूको आग्रहलाई वन प्रशासनले सहर्ष स्वीकार गरेको देखिन्छ ।

सार्वजनिक र वन क्षेत्रको जग्गा संरक्षण गर्नु डिभिजन वन कार्यालयको कानुनी दायित्व हो । तर, चाडबाडको मुखमा नागरिकलाई घरबारविहीन बनाउँदा सामाजिक र मानसिक रूपमा नकारात्मक असर पर्ने कुरालाई मध्यनजर गर्दै जनप्रतिनिधिहरूले चाडपर्वपछि जिल्ला प्रशासन कार्यालयमा सर्वपक्षीय छलफल गर्ने प्रस्ताव अघि सारेका थिए । पुल नजिकका ती घरटहरा हटाउने वा राख्ने भन्ने विषयमा चाडपर्वपछि मात्रै ठोस निष्कर्षमा पुग्नुपर्ने स्थानीयको भनाइलाई वन टोलीले उचित ठानेर हाललाई आफ्नो कारबाही स्थगित गरेको हो ।

वन अधिकृतहरूले पनि कानुन कार्यान्वयन गर्ने आफ्नो अडान कायम राख्दै चाडपर्वको संवेदनशीलतालाई बुझेर पछि हट्नुले प्रशासनको लचकता र नागरिकप्रतिको उत्तरदायित्व प्रस्ट पार्छ ।

अबको निकास चाडबाड पछि हुने सर्वपक्षीय बैठक र कानुनी परिधिभित्र रहेर गरिने छलफलमै निर्भर गर्दछ । यस घटनाले कानुनी कारबाही गर्दा पनि स्थानीय परिस्थिति, मानवीय मूल्य र संवादको मार्ग सधैं खुला राख्नुपर्छ भन्ने सकारात्मक सन्देश दिएको छ ।

# आपतप्रतिरोधी क्षमता निर्माण




संयुक्त राष्ट्रसङ्घको महासभा विश्वका राष्ट्रहरूले आफ्ना पीडा, सम्भावना, अपेक्षा, राष्ट्रिय हित र विश्वप्रतिको उत्तरदायित्व प्रस्तुत गर्ने प्रमुख बहुपक्षीय मञ्च हो । त्यस मञ्चमा नेपालका प्रधानमन्त्री वालेन्द्र शाहले व्यक्त गर्नुभएको धारणा केवल औपचारिक कूटनीतिक वक्तव्य मात्र होइन; त्यसले विश्वसामु नेपालको आत्मबोध र सम्मान, राष्ट्रिय प्राथमिकता, विकासको दृष्टिकोण र अन्तर्राष्ट्रिय सम्बन्धको दिशाबोध गराएको छ । प्रधानमन्त्री शाहले २४ सेप्टेम्बर २०२६ मा संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभामा गर्नुभएको सम्बोधनलाई यही व्यापक सन्दर्भमा चिन्तन तथा मनन गर्नु पर्छ ।

हालैको भोटेकोशी-त्रिशूली विपत् सम्बोधनको भावनात्मक केन्द्र भए पनि यसको दायरा बाढी र जलवायु परिवर्तन भन्दा निकै फराकिलो छ । जलवायु न्याय, हिमाली सहकार्य, अन्तर्राष्ट्रिय वित्तीय व्यवस्था, विश्वव्यापी आपूर्ति शृङ्खला, मानवीय सुरक्षा, बहुपक्षीयता, युवा आकाङ्क्षा, रोजगारी, सामाजिक सुरक्षा र राज्यको जवाफदेहितासम्म यसले प्रश्न उठाएको छ । यस अर्थमा एउटा गम्भीर राष्ट्रिय प्रश्न उठ्छ- नेपालले भोगिरहेको विपत् प्रकृतिको मात्र सङ्कट हो कि हाम्रो विकास दर्शन, राज्यको चरित्र, सामाजिक न्याय, शिक्षा, अर्थतन्त्र र राजनीतिक उत्तरदायित्वको समेत परीक्षा हो ? यो विमर्श यसैमा केन्द्रित छ ।

विश्वको विवेकलाई प्रश्न : सम्बोधनको प्रभावशाली पक्ष नेपालमा भएको विपत्लाई केवल राष्ट्रिय त्रासदी नभई विश्वका लागि चेतावनीका रूपमा प्रस्तुत गर्नु हो । बढ्दो तापक्रम, 'पर्माफ्रोस्ट' पग्लिनु, पहाडी भूभाग अस्थिर हुनु, हिमपहिरो, बाढी र पहिरो जस्ता घटनाले हिमाली क्षेत्रमा बढ्दो जोखिम देखाइरहेका छन् । यहाँ एउटा गम्भीर दार्शनिक प्रश्न जन्मिन्छ- मानव सभ्यताले प्रकृतिलाई जितेको हो कि प्रकृतिसँग आफ्नो निर्भरता मात्र बिर्सेको हो ? नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा ०.१ प्रतिशतभन्दा कम योगदान गरे पनि जलवायु परिवर्तनको ठुलो मूल्य चुकाइरहेको छ । अतः जलवायु न्याय नेपालका लागि भावनात्मक नारा मात्र होइन; यो अस्तित्व, विकास र अन्तरपुस्तीय न्यायको प्रश्न हो ।

विपत्बाट विषम परिस्थितिसम्म : जलवायुजन्य विपत्लाई प्रधानमन्त्रीले केवल मानवीय सहायता आवश्यक पर्ने घटना नभई विकास आपत्कालका रूपमा प्रस्तुत गर्नुभएको छ । बाढीले मानिस, घर र पुल मात्र बगाउँदैन; विद्यालय बन्द हुन्छन्, बालबालिकाको सिकाइ रोकिन्छ, स्वास्थ्यसेवा अवरुद्ध हुन्छ, कृषि उत्पादन नष्ट हुन्छ, बजार र यातायात प्रभावित हुन्छन् र रोजगारीमा असर पर्छ । यसरी बर्सौंको विकास केही दिनमै पछाडि धकेलिन सक्छ । यसले विकासको परम्परागत मापदण्डमाथि प्रश्न गर्छ । हामीले विकासलाई सडक, पुल, भवन र विद्युत् उत्पादनको सङ्ख्याबाट मात्र मापन गर्ने कि ती संरचना कति सुरक्षित, दिगो र विपत्प्रतिरोधी छन् भन्ने आधारबाट पनि मापन गर्ने ? अब विकासको अर्थ आर्थिक विस्तारसँगै सुरक्षा, स्थायित्व र आपत्प्रतिरोधी क्षमता पनि हुनु पर्छ ।

जलवायु न्याय : प्रधानमन्त्रीले जलवायु न्यायलाई आर्थिक सहयोगको मागमा मात्र सीमित गर्नुभएको छैन । 'साझा तर फरक जिम्मेवारी र सम्बन्धित क्षमता' को सिद्धान्त अनुसार ऐतिहासिक रूपमा बढी योगदान गरेका र बढी क्षमता भएका पक्षले बढी जिम्मेवारी लिनुपर्ने तर्क प्रस्तुत गरिएको छ । नेपाल जस्तो न्यून उत्सर्जन गर्ने देशले ठुलो क्षति भोग्दा प्रश्न केवल क्षतिपूर्तिको होइन, विश्वव्यापी न्यायको संरचनाकै हो । जलवायु न्यायको वास्तविक अर्थ नेपाली जनताले बारम्बार विगतको भग्नावशेष पुनर्निर्माण मात्र नगरी भविष्य निर्माण गर्ने अवसर पाउनु हो । यसको घरेलु आयाम पनि छ- जोखिममा रहेका नागरिकलाई समान सुरक्षा दिनु राज्यको दायित्व हो ।

सम्बोधनको दार्शनिक र स्मरणीय संरचनामध्ये एक 'छ वटा आर' हो; जसमा राहत, पुनर्स्थापना र पुनर्निर्माणसँगै जिम्मेवारी, पुनर्भरण-क्षतिपूर्ति र पुनरुत्थानशीलतालाई समेटिएको छ । यसमा पहिलाका तीन वटा विपत्पछिका तत्कालीन आवश्यकता हुन् भने पछिल्ला तीन वटा भविष्यमा विपत् स्थायी नियति नबनोस् भन्ने दीर्घकालीन आधार हुन् । नेपाल अब केवल विपत् आएपछि राहत बाँड्ने संस्कृतिबाट परिवर्तन भएर पूर्वतयारी गर्ने संस्कृतितर्फ जानु पर्छ । यसको अर्थ बाढी आएपछि पुल बनाउने मात्र होइन बरु अर्को बाढीमा पनि टिक्ने खालको पुल बनाउने, पहिरो गएपछि सडक मात्र खोल्ने नभई जोखिम घटाउने भूइन्जिनियरिङ गर्ने र विद्यालय पुनर्निर्माण मात्र नगरी विपत्का बेला पनि बालबालिकाको सिकाइ निरन्तर राख्ने प्रणाली बसाल्नु हो र यही नै आपत्प्रतिरोधी क्षमता हो । नेपाल अब राहत संस्कृतिबाट पूर्वतयारी संस्कृतितर्फ जानु पर्छ । बाढीपछि पुल बनाउने मात्र होइन, अर्को बाढीमा टिक्ने पुल बनाउने; पहिरोपछि सडक खोल्ने मात्र होइन, जोखिम घटाउने भूइन्जिनियरिङ गर्ने; विद्यालय पुनर्निर्माण मात्र होइन, विपत्का बेला पनि बालबालिकाको सिकाइ निरन्तर राख्ने प्रणाली बनाउने- यही हो आपत्प्रतिरोधी क्षमता ।

न्यायपूर्ण विश्वव्यवस्था : जलवायु विपत्बाट प्रभावित गरिब मुलुकलाई पुनः ठुलो ऋणको बोझमा पार्नु समाधान होइन । पर्याप्त अनुदानमा आधारित सहयोग आवश्यक रहेको प्रधानमन्त्रीको धारणा छ । जलवायु वित्तमा पहुँचको जटिलता र प्रशासनिक ढिलाइलाई 'घरमा आगो लागेको बेला परिवारलाई ५० वटा फाराम भर्न नलगाइने' रूपकले प्रश्न गरिएको छ तर अन्तर्राष्ट्रिय सहयोगसँगै राष्ट्रिय पारदर्शिता, प्रभावकारिता र जवाफदेहिता पनि बलियो हुनु पर्छ । जलवायु न्यायको अन्तर्राष्ट्रिय मागसँगै राष्ट्रिय सुशासनको दायित्व जोडिन्छ ।

हिमालय जीवन-आधार : हिमालय केवल भौगोलिक सीमा होइन; पानी, कृषि, पारिस्थितिक प्रणाली र जीविकोपार्जनको जीवन-आधार हो । यही दृष्टिले नेपाल, भारत र चीनको नेतृत्वमा हिमाल जलवायु पुनरुत्थानशीलता संयन्त्र प्रस्ताव गरिएको छ; जसमा वैज्ञानिक तथ्याङ्क आदानप्रदान, हिमताल अनुगमन, संयुक्त पूर्वचेतावनी र सीमापार विपत् समन्वय जस्ता विषय समेटिन्छन् । यसको मूल दर्शन सरल छ- विपत्ले राहदानी र भिसा बोकेर हिँड्दैन । नदीले सीमा चिन्दैन, हिमनदीले राजनीतिक नक्सा हेर्दैन । त्यसैले हिमाली जोखिमलाई राजनीतिक सीमाभित्र मात्र व्यवस्थापन गर्न सकिँदैन । यसले नेपाल-भारत-चीन सम्बन्धलाई भूराजनीतिक सन्तुलनबाट साझा समस्यामा साझा समाधान खोज्ने वातावरणीय सहकार्यतर्फ लैजाने सम्भावना देखाउँछ ।

प्रकृति पूजाबाट सहअस्तित्वतर्फ : नेपाली संस्कृति प्रकृतिसँग गहिरो रूपमा जोडिएको छ तर हाम्रो व्यवहारमा विरोधाभास पनि छ- हामी नदी पूजा गर्छौं तर नदी अतिक्रमण गर्छौं, वनलाई पवित्र मान्छौँ तर अव्यवस्थित दोहन गर्छौं । त्यसैले प्रश्न अब प्रकृतिको पूजा गर्छौं कि गर्दैनौँ भन्ने मात्र होइन; हामी प्रकृतिलाई उपभोगको वस्तु मान्छौँ कि सहअस्तित्वको आधार ? परम्परागत ज्ञान र आधुनिक विज्ञानबिच संवाद स्थापित गर्दै विकासलाई प्रकृतिसँग सहअस्तित्वमा आधारित बनाउनु आजको आवश्यकता हो ।

नयाँ राजनीतिक चेतना : विपत् व्यवस्थापनमा जोखिम नक्साङ्कन, पूर्वचेतावनी, सुरक्षित विद्यालय-अस्पताल, स्थानीय उद्धार क्षमता, बिमा, सुरक्षित पूर्वाधार र बालबालिका तथा कमजोर समूहको संरक्षणलाई प्राथमिकता दिनु पर्छ । राज्यको सफलता कति राहत बाँडियो भन्नेबाट मात्र होइन, अर्को विपत्मा कति कम क्षति भयो भन्नेबाट मापन हुनु पर्छ । प्रधानमन्त्रीको भाषणमा शिक्षा क्षेत्रको विस्तृत चर्चा नभए पनि यसको अन्तर्निहित सम्बन्ध स्पष्ट छ । जलवायु शिक्षा, विपत् तयारी, आलोचनात्मक सोच, नागरिक शिक्षा, सिप र रोजगारीसँग जोडिएको शिक्षा आवश्यक छ । शिक्षा प्रमाणपत्र वितरण गर्ने संस्था मात्र होइन, राष्ट्रको आपत्प्रतिरोधी क्षमता निर्माण गर्ने आधारभूत संस्था हो । युवाको निष्ठा र जवाफदेहिताको मागले अर्को दार्शनिक प्रश्न उठाउँछ- के लोकतन्त्र पाँच वर्षमा एक पटक मत हाल्ने प्रणाली मात्र हो वा राज्यलाई दैनिक जीवनमा जवाफदेही बनाउने निरन्तर नागरिक अभ्यास पनि हो ? युवा ऊर्जा अनुसन्धान, उद्यमशीलता, सार्वजनिक सेवा र संस्थागत लोकतन्त्रमा रूपान्तरण हुन सके पुस्तान्तरण दीर्घकालीन राष्ट्रिय शक्ति बन्न सक्छ ।

नयाँ सामाजिक सम्झौतातर्फ : सरकारले सम्मानजनक रोजगारी, सामाजिक सुरक्षा र प्रत्येक नेपालीलाई आफ्नै देशमा अवसर दिने प्रतिबद्धता व्यक्त गरेको छ । उत्पादन, शिक्षा, सिप, बजार, स्थिर नीति, उद्यमशीलता र पूर्वाधारबिचको सम्बन्ध बलियो भए मात्र राजनीतिक परिवर्तन नागरिकको दैनिक जीवनमा अनुभूत हुन सक्छ । यससँगै मानवीय सुरक्षाको अवधारणा पनि महत्वपूर्ण छ । सुरक्षा केवल सीमा र हतियार-होडबाजीको विषय होइन; सुरक्षित राष्ट्र भनेको सुरक्षित नागरिक भएको राष्ट्र हो ।

विपत्पछिको नेपाल : नेपालको पछिल्लो विपत्ले परिवार, समुदाय र राज्यलाई गहिरो पीडा दिएको छ तर सङ्कट केवल विनाशको क्षण होइन, त्यो आत्मपरीक्षण र पुनर्निर्माणको अवसर पनि हुन सक्छ । अब नेपालले तीन प्रश्नलाई एकैसाथ हेर्नु पर्छ- कसरी जीवन जोगाउने ? कसरी जोखिम घटाउने ? र कसरी न्यायपूर्ण भविष्य निर्माण गर्ने ?

यसका लागि विज्ञानमा आधारित योजना, पूर्वचेतावनी, सुरक्षित पूर्वाधार, जलवायु अनुकूलन, गुणस्तरीय शिक्षा, रोजगारी, सामाजिक सुरक्षा, उत्पादन, उत्तरदायी राजनीति र संस्थागत सुशासन आवश्यक छन् ।

विश्वसँग जलवायु न्याय माग्दा नेपालले आफ्ना नागरिकलाई पनि न्याय दिन सक्नु पर्छ । अन्तर्राष्ट्रिय सहयोग माग्दा त्यसको पारदर्शी र प्रभावकारी उपयोग गर्न सक्नु पर्छ । विश्व व्यवस्थाको सुधारको आवाज उठाउँदा देशभित्र सुशासन बलियो बनाउनु पर्छ । युवाको जवाफदेहिताको मागलाई स्वीकार गर्दा राज्यका सबै संस्था नागरिकप्रति जवाफदेही हुनु पर्छ र प्रकृतिसँग सहअस्तित्वको कुरा गर्दा विकासका हरेक निर्णयमा हिमाल, नदी, वन, माटो र भावी पुस्ताको हितलाई स्थान दिनु पर्छ । अन्ततः नेपालको प्रश्न केवल बाढीबाट कसरी उठ्ने भन्ने होइन; बाढीपछिको नेपाल कस्तो बनाउने भन्ने हो । के हामीले पुरानै जोखिमपूर्ण संरचना, राजनीतिक संस्कार र विकास दृष्टिकोणबाट पुनर्निर्माण गर्ने छौँ कि सङ्कटबाट सिकेर नयाँ राष्ट्रिय दर्शनसहितको निर्माण गर्ने छौँ ?

नेपालको भविष्य केवल हिमालको उचाइमा छैन, हिमालको छायामा बाँचिरहेका प्रत्येक नागरिकले आफ्नै देशमा आफ्नो भविष्य निर्माण, न्यायपूर्ण अवसर, सुरक्षा, सम्मान, गुणस्तरीय शिक्षा र वैश्विक सम्भावनाका साथ गर्न पाउनु नै राष्ट्रिय स्वतन्त्रताको गहिरो अर्थ हो । जब अर्को पटक विश्वको छानोबाट चेतावनीको आवाज गुन्जिन्छ; प्रश्न केवल हामीले त्यो आवाज सुन्यौँ कि सुनेनौँ भन्ने हुने छैन । प्रश्न हुने छ- सुनिसकेपछि हामीले के गर्‍यौँ भन्ने ? सम्भवतः नयाँ पुस्ताका लागि गर्वका साथ भन्ने एसियाको माझमा नयाँ नेपाल निर्माण गर्न सक्यौँ । **साभार : गोरखापत्र**



# बीपी राजमार्गमा साना गाडी एकतर्फी चल्न थाले, कान्ति लोकपथ पनि खुल्यो



काठमाण्डौ १३ असोज/अविरल वर्षासँगै आएको बाढी पहिरोका कारण चार दिनदेखि अवरुद्ध बीपी राजमार्गमा साना गाडी एकतर्फी रूपमा चल्न थालेका छन् ।

बाढीले सडक तथा अस्थायी डाइभर्सन बगाएका ठाउँमा अस्थायी डाइभर्सन राखेर र पहिरो पन्छाएपछि गाडी एकतर्फी चल्न थालेका हुन् ।

जिल्ला प्रहरी कार्यालय काभ्रेका अनुसार नमोबुद्ध नगरपालिका( ६ को चौकीडाँडा, रोशी गाउँपालिका(७ को कटुञ्जे तथा चारसयबैंसी, वडा नम्बर ८ को गिम्दीबैंसी र वडा नम्बर ११ को मास्ती क्षेत्रमा सडक अवरुद्ध भएको थियो ।

चौकीडाँडामा रोशी खोलाको बहाव अझै उच्च रहेकाले तत्काल खोलाको किनारमा डाइभर्सन बनाउन नसकिएपछि खानेपानीको पम्प हाउस रहेको भित्री ट्र्याकबाट गाडी सञ्चालन गरिएको छ ।

सडक खुले पनि नदीको बहाव र सडकको अवस्थालाई ध्यान दिएर सावधानीपूर्वक यात्रा गर्न प्रहरीले आग्रह गरेको छ ।

यस्तै अविरल वर्षासँगै गएको पहिरोका कारण केही दिनदेखि पूर्ण रूपमा बन्द रहेको कान्ति लोकपथ आज दिउँसोदेखि एकतर्फी रूपमा सञ्चालनमा आएको छ ।

वर्षाले सडकका विभिन्न ठाउँमा पहिरो गएपछि काठमाण्डौ(हेटौंडा जोड्ने यो मार्ग अवरुद्ध भएको थियो ।

यस्तै पृथ्वी राजमार्गमा पर्ने धादिङको कृष्णभीर, टिङ्गाङखानी, परेवाभीर र बाँगेमोड क्षेत्रमा सडक अवरुद्ध छ ।

यसैबीच सडक अवरुद्ध भएर काठमाण्डौमा रोकिएका ट्रक तथा ठूला बसहरू पनि आजदेखि क्रमशः गन्तव्यतर्फ जान शुरू गरेका छन् । काठमाण्डौको कलङ्की, बल्खु तथा भक्तपुरको सूर्यविनायक लगायतका क्षेत्रमा गाडीको चाप बढेको छ ।

# धनुषामा टिपरको ठक्करबाट बालिकाको मृत्यु




जनकपुरधाम, १३ असोज/ धनुषामा मंगलबार टिपरको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ। मृत्यु हुनेमा महोत्तरीको लोहारपट्टी नगरपालिका-३ का रामनाथ रामकी चार वर्षीया छोरी नैनसी रहेकी छन् ।

जनकपुरधाम-ढल्केवर सडकखण्डअन्तर्गत धनुषाको रमदैयास्थित राजदेव मन्दिर अगाडि प्रदेश ०३-००१ ख ८५४५ नम्बरको टिपरले बालिकालाई ठक्कर दएको थियो

ठक्करबाट गम्भीर घाइते भएकी बालिकाको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिनुभयो

टिपरसहित चालकलाई नियन्त्रणमा लिई दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# चीनसँगका तीन वटै नाका बन्द

काठमाण्डौ १३ असोज/दशैंतिहार जस्ता मुख्य चाडपर्व नजिकिँदै गर्दा चीनसँगका तीन वटै व्यापारिक नाका बन्द भएपछि स्थल मार्गको व्यापार र आपूर्ति व्यवस्था प्रभावित भएको छ ।

लगातारको वर्षा, बाढी पहिरो र सडक तथा पुलमा भएको क्षतिका कारण तातोपानी, रसुवागढी र कोरला नाका हुँदै हुने व्यापारिक आवागमन प्रभावित भएको हो । तीन वटै नाका एकपछि अर्को बन्द भएपछि दशैंका लागि चीनबाट ल्याइएका ठूलो परिमाणका सामान बाटोमै रोकिएका छन् ।

सबैभन्दा पुरानो तातोपानी(खासा नाका पहिरोको जोखिमका कारण यसअघि नै बन्द थियो । भदौ १० गते भोटेकोशीमा आएको बाढीले रसुवागढी नाकाका भौतिक संरचनामा ठूलो क्षति पुऱ्याएपछि त्यहाँबाट हुने व्यापार पनि रोकिएको हो । तातोपानी र रसुवागढी बन्द भएपछि चीनसँगको व्यापारका लागि विकल्प बनेको मुस्ताङको कोरला नाका पनि पछिल्लो बाढीका कारण सडक सम्पर्कबाट विच्छेद भएको छ ।

# बाढी/पहिरोमा परी ४ दिनमा ४७ जनाले ज्यान गुमाए, एक हजार ८२ परिवार प्रभावित

काठमाण्डौ १३ असोज/गएको ८ गतेदेखि अस्ति ११ गते आइतबारसम्म परेको ठूलो वर्षाबाट २७ जनाले ज्यान गुमाएका छन् ।

यो ४ दिनको अवधिमा पहिरोका ३०४ वटा र बाढीका ८७ वटा घटना भएका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ।

प्राधिकरणले आज बिहान सार्वजनिक गरेको प्रतिवेदनअनुसार पहिरोबाट ११ पुरुष र ९ महिला तथा बाढी र ठूलो वर्षाबाट ४ पुरुष र ३ जना महिलाले ज्यान गुमाएका छन् ।

त्यस्तै ४ जनाको अवस्था थाहा हुन सकेको छैन। ८ जना घाइते भएका छन्। एक हजार ८२ परिवार प्रभावित भएका छन् । दुई सय २७ घर पूर्ण अनि एक सय ४२ घरमा आंशिक क्षति भएको छ । १० वटा पुल, ३१ वटा गोठ र ११४ पशुचौपाया क्षति भएका प्राधिकरणको तथ्याङ्क छ। बाढी/पहिरो प्रभावित क्षेत्रका झण्डै २ हजार जनालाई सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको थियो ।

यस्तै मनाङको नार्फाभूमिको उच्च हिमाली क्षेत्रमा हिम पहिरो गएको र त्यहाँ ४ वटा शव भेटिएका छन् । हराइरहेका १२ जनाको खोजी कार्य भैरहेको छ। तर उच्च हिमाली क्षेत्रमा ठूलो हिमपहिरो गएकाले खोज तथा उद्धार कार्य जटिल बनेको छ।

# दुई दिन सऱ्यो कांग्रेस महाधिवेशन

काठमाण्डौं,१३ असोज/नेपाली कांग्रेसको १५औं महाधिवेशन दुई दिनपछि सरेको छ ।

कांग्रेसले मंगलबार प्रेस विज्ञप्ति जारी गरी महाधिवेशन दुई दिन सारिएको जनाएको छ । कांग्रेसका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले असोज १८ गते उद्घाटन समारोह हुने जानकारी दिनुभएको छ।

यसअघि कांग्रेसको महाधिवेशन असोज १६ गते उद्घाटन गर्ने तय भएको थियो । असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा गर्ने निर्णय भएको थियो ।

कार्यवाहक मुख्य सचिव दुलालले जारी गरेको प्रेस विज्ञप्तिमा वर्षाका कारण तल्लो तहका अधिवेशन हुन नसक्दा महाधिवेशनको दुई दिन पछि धकेलिएको जनाइएको छ ।

'देशमा विभिन्न स्थानमा भारी वर्षाका कारण उत्पन्न असहज परिस्थितिले गर्दा केही निर्वाचन क्षेत्रहरूमा क्षेत्रीय अधिवेशन र महाधिवेशन प्रतिनिधि चयन प्रक्रिया जारी रहेको जानकारी निर्वाचन समिति र पार्टीका तहगत कार्यसमितिबाट प्राप्त भएको छ,' सूचनामा भनिएको छ, 'यस परिस्थितिलाई मध्येनजर गरी १५औं महाधिवेशन उद्घाटन समारोह २०८३ असोज १८ गते २ बजे खुलामञ्चमा हुने बेहोरा यसै विज्ञप्तिमार्फत जानकारी गराइन्छ ।'

## घरकोठाभाडाको...

तिर्न वडा कार्यालयले आग्रह गरेको छ

यसो गर्दा भविष्यमा उत्पन्न हुन सक्ने समस्या समयमै समाधान गर्न सहज हुने वडा कार्यालयको भनाइ छ।

निजगढ नगरपालिका( ७ का वडा अध्यक्ष टेकबहादुर लामाले जारी गर्नुभएको सूचनामा भाडा सम्झौता नगरी घर, कोठा वा जग्गा भाडामा दिएमा नियमानुसार हुने व्यहोरा समेत जानकारी गराइएको छ ।

## रसुवाबाढीमाबेपत्ता...

छोरा रोमन र निजगढका बेपत्ता अर्का युवक राज विष्टको १२ वर्षिय छोरा क्रिसलाई स्थानीय होली एन्जल्स सेकेन्डरी बोडिङ्ग स्कूलका प्रिन्सिपल नारायण शर्माले माध्यामिक तहसम्म नि:शुल्क पठन पाठनको ब्यवस्था गर्ने घोषणा गर्नुभएको छ ।

परियारको परिवारमा २६ वर्षिया पत्नी, ७ वर्षिय छोरा रोमन र ५५ वर्षिया आमा विष्णुकुमारी छन् ।

बाढीमा परेर बेपत्ता भएका सोही वडाका राज विष्टको पनि गत असोज २ गते हिन्दु धार्मिक परम्पराअनुसार कुशको शव बनाएर दाहासस्कार गरिएको थियो ।

## सर्लाहीमाअश्लील...

मुखियालाई सर्लाही जिल्ला अदालतबाट विद्युतीय कारोबार ऐनअन्तर्गत साइबर अपराधमा सात दिन हिरासतमा राख्न अनुमति लिई थप अनुसन्धान भइरहेको प्रहरीले मंगलबार जनाएको छ ।

प्रहरीले यस्ता घटनामा प्राप्त च्याट, फोन नम्बर, कल विवरण, तस्बिर, भिडियो तथा अन्य डिजिटल प्रमाण सुरक्षित राखी तत्काल प्रहरीलाई जानकारी गराउन आग्रह गरेको छ ।

## सिर्सियाड्राइपोर्टले...

समितिले जनाएको छ ।

ज्ञापनपत्रको बोधार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलगायत सम्बन्धित सरकारी निकायमा समेत पठाइएको संघर्ष समितिले जनाएको छ ।

ज्ञापनपत्र बुझाउने क्रममा वीरगञ्ज महानगरपालिका( २५ का वडा अध्यक्ष आशुतोष चतुर्वेदी, नेपाली कांग्रेसका बुथ सभापति भैयाराम पटेल, वडा सदस्य तेतरी देवी, पूर्व वडा सदस्य वैजन्तीमाला लगायत स्थानीयवासी तथा प्रभावित जग्गाधनीहरूको उपस्थिति रहेको थियो ।

स्थानीय जनप्रतिनिधि तथा प्रभावित जग्गाधनीहरूले समेत वर्षौंदेखि रोकिएको मुआब्जा र क्षतिपूर्तिको समस्या समाधान गरी प्रभावित परिवारलाई न्याय दिन सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।





# वीरगञ्ज-सिमरा औद्योगिक करिडोरमा हरित औद्योगिक भविष्यका लागि पावर-जीआईएफद्वारा तालिम



सिमरा, १३ असोज/वीरगञ्ज( सिमरा औद्योगिक करिडोरका उद्योगका प्रतिनिधिहरूलाई पावर(जीआईएफ परियोजनाले स्वच्छ ऊर्जा, ऊर्जा दक्षता तथा औद्योगिक रूपान्तरणसम्बन्धी तालिम प्रदान गरेको छ ।

नेपालमा हरित तथा दिगो औद्योगिक विकास प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन भइरहेको 'नेपालमा हरित औद्योगिक भविष्यका लागि ऊर्जा परियोजनाले सिमरास्थित ईच्छा होटेलमा उद्योगी र सरोकारवालाहरुलाई तालिम दिएको हो ।

परियोजनाले अतिरिक्त तथा नवीकरणीय ऊर्जाको प्रभावकारी उपयोगमार्फत औद्योगिक क्षमता अभिवृद्धि गर्दै उद्योगको आधुनिकीकरण, उत्पादकत्व वृद्धि र स्वच्छ ऊर्जामा आधारित औद्योगिक विकासलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । परियोजनाको कार्यान्वयन अवधि मार्च २०२६ देखि फेब्रुअरी २०२८ सम्म रहेको जनाइएको छ ।

नेपालको औद्योगिक क्षेत्रमा आयातित इन्धनमा उच्च निर्भरता, विद्युत् उपयोगको न्यून स्तर तथा आधुनिक, स्वच्छ र ऊर्जा(दक्ष प्रविधिको सीमित प्रयोगका कारण उत्पादन लागत बढ्नुका साथै उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता प्रभावित भइरहेको परियोजनाले औंल्याएको छ। विशेषगरी सूक्ष्म, साना तथा मझौला उद्यमलाई स्वच्छ तथा नवीकरणीय ऊर्जातर्फ रूपान्तरण गर्नुपर्ने आवश्यकता रहेको जनाइएको छ ।

पावर(जीआईएफ परियोजनाले उद्योगमा ऊर्जाको खपत न्यूनीकरण, स्वच्छ ऊर्जा प्रविधिको प्रयोग विस्तार र हरित वित्तीय लगानीका लागि अनुकूल वातावरण निर्माण गर्ने लक्ष्य राखेको छ

परियोजनाअन्तर्गत उद्योगहरूका लागि स्वच्छ ऊर्जा प्रविधिको नमुना प्रदर्शन, ऊर्जा रूपान्तरण अभियान, औद्योगिक ऊर्जा लेखापरीक्षण, औद्योगिक नीति विश्लेषण तथा ऊर्जा रूपान्तरणसम्बन्धी मार्गचित्र निर्माणलगायतका कार्यक्रम सञ्चालन गरिनेछन् ।

यसै क्रममा पावर(जीआईएफका परियोजना प्रबन्धक डा. नवराज सञ्जेलको नेतृत्वमा स्वच्छ ऊर्जा तथा औद्योगिक ऊर्जा रूपान्तरणका विषयमा कार्यक्रम अघि बढाइएको जनाइएको छ । तालिममा प्रमुख प्रशिक्षक भेङ्कट विनय विक्रमले उद्योगमा ऊर्जा व्यवस्थापन, ऊर्जा दक्षता तथा स्वच्छ प्रविधिको प्रयोगका विषयमा प्रशिक्षण प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा एम्बीडियन्स ग्लोबलका प्रबन्ध निर्देशक डा. अनन्त प्रसाद शुक्ला तथा परियोजना संयोजक डा. डी. आशा र वीरगञ्ज(सिमरा औद्योगिक करिडोरका म्याग्नस फार्मा प्रालि, नारायणी माइक्रो पाइप उद्योग प्रालि, महालक्ष्मी सल्भेन्ट एण्ड रिफाइनरी प्रालि, सृष्टि फुड इन्डस्ट्री प्रालि, जीतपुर एग्रो फुड्स प्रालि, यात्सा डेरी, हस्क पावर नेपाल प्रालि र त्रिवेणी स्पिनिङ मिल्सका प्रतिनिधिहरू सहभागी भएका थिए । तालिममार्फत उद्योगका प्रतिनिधिहरूलाई ऊर्जा खपतको अवस्था पहिचान, ऊर्जा दक्षता बढाउने उपाय, स्वच्छ ऊर्जा प्रविधिको प्रयोग तथा उद्योगको ऊर्जा रूपान्तरणका सम्भावनाबारे जानकारी दिइएको थियो

परियोजनाअन्तर्गत १ हजार २ सयभन्दा बढी जनशक्तिलाई तालिम दिने लक्ष्य राखिएको छ ।

# लालबकैया खोलाबाट महिलाको जीवित उद्धार



रौतहट, १३ असोज/रौतहटको मौलापुर नगरपालिका( ४ स्थित लालबकैया खोलामा एक महिलाको प्रहरीले उद्धार गरेको छ ।

जिल्ला माधवनारायण नगरपालिका( १ दिपहीटोल बस्ने अन्दाजी ३५ वर्षीया ललिता देवी पासवान घरायसी समस्याका कारण मंगलबार बिहान करिब ५ बजे परिवारलाई जानकारी नदिई घरबाट निस्किएकी थिइन् । उनी लालबकैया खोलाको पानीमा डुबिरहेको अवस्थामा स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

इलाका प्रहरी कार्यालय मौलापुरका प्रहरी निरीक्षक भरत केसी बिहानीको नियमित कार्यमा रहेका बेला घटनास्थल पुग्नुभएको थियो। प्रहरी निरीक्षक केसीले खोलामा पसेर महिलालाई जीवितै उद्धार गर्नुभएको हो ।

उद्धारपछि महिलालाई इलाका प्रहरी कार्यालय मौलापुरमा ल्याइएको र स्वास्थ्य अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

घटनाबारे परिवारका सदस्यलाई जानकारी गराइएको छ । प्रहरीका अनुसार ललिताका श्रीमान् काठमाडौंमा कपडा सिलाउने काम गर्दै आएका छन् भने उनका चार छोरा छन् । घटनास्थल इलाका प्रहरी कार्यालय मौलापुरबाट करिब ४ किलोमिटर पूर्वमा पर्छ ।

# मधेसका आठ जिल्लाका ट्राफिक प्रमुखहरूसँग कार्यसम्पादन करार सम्झौता



निजगढ, १३ असोज/नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय मधेस प्रदेशका प्रमुख एवम् ट्राफिक प्रहरी उपरीक्षक ज्ञानेन्द्रबहादुर बस्नेतले मातहतका आठवटै जिल्लाका ट्राफिक प्रमुखहरूसँग मंगलबार वार्षिक कार्यसम्पादन करार सम्झौता गर्नुभएको छ । पथलैयास्थित प्रदेश कार्यालयमा प्रदेश प्रमुख बस्नेत र प्रदेशका आठै जिल्लाका ट्राफिक प्रहरी निरीक्षकहरूबीच आर्थिक वर्ष २०८३/८४ को सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

ट्राफिक प्रहरी उपरीक्षक बस्नेतले बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीका प्रमुखहरूसँग ट्राफिक प्रहरीको दायित्व र भूमिकालाई अझ बढी प्रभावकारी, पारदर्शी तथा जनमुखी बनाउने प्रतिबद्धतासहित सम्झौता गरेका हुन् । सम्झौतापत्रमा शासकीय सुधार, शान्ति सुरक्षा कायम, अपराध नियन्त्रण, विपद् व्यवस्थापन तथा सडकमा प्रभावकारी ट्राफिक व्यवस्थापनका विषयलाई प्राथमिकता दिइएको छ ।

कार्यक्रममा ट्राफिक प्रहरी उपरीक्षक बस्नेतले गत आर्थिक वर्षको लक्ष्य तथा प्रगतिहरूको समिक्षा गर्दै नयाँ आर्थिक वर्षका लागि सुम्पिएको जिम्मेवारी थप कुशलताका साथ पूरा गर्न निर्देशन दिनुभएको थियो। ट्राफिक प्रहरी उपरीक्षक बस्नेतले जिम्मेवार, अनुशासित र उत्तरदायी भएर सम्झौताका शर्त र प्रतिबद्धताहरूलाई पूर्ण रूपमा पालना गर्न आग्रह गर्नुभएको छ ।

कार्यक्रममा मधेस प्रदेश कार्यालयका प्रवक्ता एवम् ट्राफिक प्रहरी नायब उपरीक्षक नवराज न्यौपाने, प्रदेश कार्यालयका ट्राफिक प्रहरी निरीक्षक रमेश राई, बाराका ट्राफिक प्रहरी निरीक्षक हरि भट्टराई, पर्साका दीपेन्द्र श्रेष्ठ, रौतहटका राजेन्द्र थापा मगर, सर्लाहीका झलक शर्मा, महोत्तरीका बाबुराम कार्की, धनुषाका खगेन्द्र दाहाल, सिरहाका नवीन मरासैनी र सप्तरीका उमेशमान अमात्यको उपस्थिति रहेको थियो ।

# सर्लाहीमा अश्लील तस्बिर देखाएर ब्ल्याकमेलिङ गरेको आरोपमा एकजना पक्राउ




सर्लाही, १३ असोज/सर्लाहीमा अश्लील तस्बिर तथा भिडियोको सहारामा ब्ल्याकमेलिङ गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ

पक्राउ पर्नेमा बसबरिया गाउँपालिका( ३ का शिवचरण मुखिया छन्। जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार उनले चिनजान तथा नाता सम्बन्धका आधारमा एक महिलालाई विश्वासमा पारी ह्वाट्सएपमार्फत पटक(पटक भिडियो कल गरी अश्लील संवाद गर्ने र त्यसलाई रेकर्ड गरी ब्ल्याकमेलिङ गरेको आरोप छ ।

उनले पीडितलाई धम्की दिँदै अश्लील तस्बिर तथा भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गर्ने र आफन्तलाई पठाइदिने भन्दै ५० हजार रुपैयाँ माग गरेको जाहेरी परेको प्रहरीले जनाएको छ ।

बाँकी तेश्रो पेजमा

# गौरमा मोटरसाइकलको ठक्करबाट वृद्धको मृत्यु, चालक फरार

रौतहट, १३ असोज/रौतहटको गौर नगरपालिका( ९ सिरसियामा सोमबार साँझ मोटरसाइकलको ठक्करबाट एक वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय ७२ वर्षीय नारायण बैठा रहेका छन् । गौरबाट हजमिनियातर्फ जाँदै गरेको बीआर २२ एच ६१५९ नम्बरको भारतीय मोटरसाइकलले सडकमा उभिरहेका बैठालाई ठक्कर दिएको थियो । दुर्घटनामा टाउको र दाहिने खुट्टामा गम्भीर चोट लागेका बैठाको प्रादेशिक अस्पताल गौरमा सामान्य उपचारपश्चात थप उपचारका लागि वीरगञ्जस्थित सर्वोत्तम अस्पताल लगिएको थियो। तर उपचारकै क्रममा राति करिब ९:४५ बजे उनको मृत्यु भएको प्रहरीले जनाएको छ । घटनालगत्तै मोटरसाइकल चालक फरार भए पनि प्रहरीले पर्साको वीरगञ्ज घर भई हाल रौतहटको राजदेवी नगरपालिका( २ हजमिनियामाका २२ वर्षीय अमित भगतका रूपमा उनको पहिचान गरी खोजी कार्य तीव्र बनाएको छ । दुर्घटनामा संलग्न मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको छ भने जिल्ला प्रहरी कार्यालय गौर र प्रहरी चौकी ब्रह्मपुरीबाट खटिएको टोलीले थप अनुसन्धान अघि बढाइएको जनाएको छ ।

मितव्ययी रुपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३